जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ | अंक १७४ | २०७६ साल माघ २५ गते शनिबार (8 Feb. 2020 Saturday) | मूल्य रु. ५/-

२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरु

- अपराध अनुसन्धान तथा अदालती काम कारवाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नाबालिग मानिने,
- झुठ्ठा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : झण्डा मेला महोत्सवमा ... ३ पृष्ठमा : सार्वजनिक यातायातका चालक. ४ पृष्ठमा : शिक्षाको बिकास तथा ...

## जिससको अधिकार स्पष्ट नहुदाँ पदाधिकारी असन्तुष्ट

## अनुगमनको भुमिका प्रभावकारी बनाउनु पर्नेमा जोड



जिल्ला समन्वय समिति सप्तरीद्वारा आयोजित प्रदेश २ का ८ वटै जिल्लाका प्रमुख/उपप्रमुखहरु सामुहिक तस्विरमा

**चन्दनकुमार यादव**
**राजविराज, २४ माघ ।**

प्रदेश नं. २ का जिल्ला सभाको काम, कर्तव्य र अधिकार अस्पष्ट नहुदाँ जिल्ला समन्वय पदाधिकारी असन्तुष्टसँगै अन्यौलामा परेको छ ।

जिल्ला समन्वय समिति निर्वाचित भएर आएको दुई बर्ष बित्न लाग्दा पनि जिल्ला सभाको काम, कर्तव्य, र अधिकार स्पष्ट नहुदाँ समन्वय समितिका पदाधिकारीहरू असन्तुष्ट बनेको हो ।

जिल्ला समन्वय समितिले विभिन्न स्थानिय निकायमा गरिने अनुगमन तथा समन्वयको भुमिका प्रभावकारी नभएकोले जिससको औचित्य नरहेको सहभागी आठ वटै जिल्ला प्रमुख तथा उपप्रमुखहरूले गुनासो पोखेका छन ।

शुक्रवार जिल्ला समन्वय समिति सप्तरीद्वारा आयोजित जिल्ला सभाको काम, कर्तव्य, र अधिकार सम्बन्धि अन्तरक्रिया गोष्ठीमा सहभागी पदाधिकारीहरूले अधिकार सम्बन्धी ब्यवस्था गर्न बनेको कार्यबिधि ०७६ माथि सुझाव तथा छलफल गरिएको छ ।

जिल्ला समन्वय समिति सप्तरीको आयोजना तथा मुख्य न्यायाधिवक्ता कार्यालय प्रदेश २ जनकपुरधाम धनुषाको समन्वयमा आयोजना गरिएको हो । सो अवसरमा अधिकाँस जिल्लाका समन्वय समितिका पदाधिकारीले काम, कर्तव्य र अधिकार को सवालमा प्रदेश २ सरकारल तयार पारेका कार्यबिधि संन्तोषजनक नभएकोले सच्चाउन माँग गरेको छ ।

जिल्ला समन्वय समिति सिरहाका प्रमुख रामचन्द्र ठाकुरले जिल्ला समन्वय समितिलाई स्थानिय निकायले सारुतेला

*बाँकी दुई पृष्ठमा*

## नेपालको हितमा हुने गरि एमसीसी पारित गर्नुपर्छ : अध्यक्ष साह

**दैनिक समाचारदाता**
**राजविराज, २४ माघ ।**

नेपाली जनता दलका अध्यक्ष हरिचरण साहले नेपालको हितमा हुने गरि अमेरिकाको मिलेनियम च्यालेन्ज कार्पोरेशन (एमसीसी)लाई पारित गर्नुपर्ने बताउनुभएको छ ।



पार्टीको कार्यक्रममा सहभागि हुने सप्तरी आईपुग्नु भएका अध्यक्ष साहले आज सञ्चारकर्मीसँग कुरा गर्नुहुँदै नेपालको हितमा हुने गरि एमसीसीलाई पारित गरेर बिदेशी सहयोग लिनुपर्ने बताउनुभयो ।

कुनै देशले यदि नेपाललाई सहयोग गर्न चाहन्छन् भन्ने हामीले सहयोग दिनुपर्छ, अध्यक्ष साहले भन्नुभयो-"तर त्यो सहयोग गर्ने नाममा नेपालभित्र छिरेर अशान्त मच्चाउन र देशलाई द्वन्द्व तर्फ धकेल्न नियतबाट आएको हो भन्ने त्यसलाई अस्वीकार पनि गर्नुपर्छ ।" एमसीसी बारे गहन छलफल गरेर देशको हित हुने गरि मात्र पारित गर्नुपर्ने उहाँको भनाई थियो ।

एमसीसीको बिषयलाई लिएर पक्ष र बिपक्षमा भईरहेको

*बाँकी दुई पृष्ठमा*

## दादुरा रुवेला खोप अभियान

**दादुरा रुवेला खोप लगाऔं । आ-आफ्नो बालबालिकाहरुलाई दादुरा रुबेला रोगबाट बचाऔं ।**

यही फाल्गुन १ गतेदेखि नगरपालिका/गाउँपालिकाको सबै वडाहरुमा दादुरा रुवेला खोप अभियान संचालन हुदैछ । यस अभियानमा **९ महिना देखि ५ वर्ष मुनिका** सम्पूर्ण बालबालिकालाई दादुरा रुवेला रोग विरुद्धको खोप लगाइन्छ । आ-आफ्नो बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा रुवेला खोप लगाउन हुन अनुरोध छ । साथै जन्मदेखि **५ वर्ष मुनिका** बालबालिकाहरुलाई पोलियो थोपा समेत खुवाऔं ।

**दादुरा रुवेला खोप अभियान संचालन हुने चरण र मिति**

**पहिलो चरण**

**(२०७६ फाल्गुन १ गतेदेखि २०७६ फाल्गुन ९ गतेसम्म)**
राजविराज नगरपालिका, कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, महादेवा गाउँपालिका, सप्तकोशी नगरपालिका, तिरहुत गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिका

**दोश्रो चरण**

**(२०७६ फाल्गुन ११ गतेदेखि २०७६ फाल्गुन १९ गतेसम्म)**
डाक्नेश्वरी नगरपालिका, राजगढ गाउँपालिका, छिन्नमस्ता गाउँपालिका र विष्णुपुर गाउँपालिकामा

**तेश्रो चरण**

**(२०७६ फाल्गुन २१ गतेदेखि २०७६ फाल्गुन २९ गतेसम्म)**
बोदेवर्साइन नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका, सुरुङ्गा नगरपालिका, अग्निसाईर कृष्णासवरण गाउँपालिका, बलान विहुल गाउँपालिका र रुपनी गाउँपालिका

**जिल्ला खोप समन्वय समिति**
**स्वास्थ्य कार्यालय, सप्तरी**

## बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

**थप जानकारीका लागि**

**गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज**

**फोन नं. : 031-522408/09**




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit | CG Money | Best Remit | City Express | IME pay | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

# कुपोषण समस्याप्रति ध्यान जाओस्

सप्तरी जिल्लामा कुपोषित बालबालिकाहरुको संख्या धेरै छ । गरिबी, जनचेतनासहित बिभिन्न कारणले गर्दा बालबालिकाहरुको जुन किसिमले शरीर बन्नुपर्ने र फैलिनुपर्ने हो, त्यसरी भइरहेको छैन् । बालबालिकालाई पोषणयुक्त बनाउन तथा शरीर स्वस्थ्य बनाउने उद्देश्यले राजविराजमा पोषण पुर्नस्थापन केन्द्र संचालन ल्याएको छ ।

पोषण केन्द्र संचालन भएपछि कुपोषित बालबालिकाहरु बाहिर आउन थालेका छन् । उमेर धेरै भएपनि कम तौलका बालबालिकाहरु यहाँ उपचारका लागि आउने गरेका छन् । पुर्नस्थापन केन्द्रमा एक पटकमा १० जना बालबालिकालाई राख्न सकिने भएपनि अहिले केन्द्रमा पनि १५ जनासम्मका बालबालिकालाई उपचार दिने गरेका छन ।

१० शैय्या भएको यस केन्द्रमा दातृ निकायले एक पटकमा १० जना बालबालिकालाई चाहिने खर्च व्योहोर्दै आएको छ । उपचार गराउन आउनेलाई फिर्ता पठाउन पनि नमिल्ने भएका कारण अन्यबाट खर्च कटौति गरेर भएपनि पुर्नस्थापन केन्द्र संचालन गर्नुपरिरहेको केन्द्रको भनाई छ । केन्द्रका पदाधिकारीहरुका अनुसार यसबारे धेरै ठाउँमा धाउँदै आएपनि कसैले ध्यान दिन सकेको छैन् ।

बालबालिकाको स्वास्थ्य हितका लागि संचालित पोषण पुर्नस्थापन केन्द्रमा देखिएको समस्यालाई न्यूनिकरण गर्दै संचालनमा सहयोग गर्नु सबैको कर्तव्य हो । अन्य ठाउँहरुमा सहयोग गरे झैं पोषण पुर्नस्थापन केन्द्रमा पनि सहयोग गर्नु पर्ने आवश्यक देखिन्छ । बालबालिकाहरुलाई स्वस्थ्य र निरोगी बनाउन यो केन्द्रले भूमिका निर्वाह गर्दै आएकोले जिल्लाको कुपोषणको समस्यामा कमि ल्याउन सबै निकायको ध्यान जानु अति आवश्यक देखिन्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# झण्डा मेला महोत्सवमा पर्यटकको आकर्षण

**दैनिक समाचारदाता**
**सिरहा, २४ माघ ।**

भ्रमण बर्ष २०२० लाई लक्षित गरि सिरहाको सखुवानन्कारकट्टी गाउँपलिकास्थित महेशबारीमा जारी दोश्रो झण्डा मेला महोत्सव २०७६ मा आन्तरिक तथा बाह्य पर्यटकहरुको भीडभाड बढ्न थालेको छ ।

नेपालको राष्ट्रिय झण्डालाई अन्तरष्ट्रिय स्तरमा चिनाउँदै कृषि क्षेत्रको प्रबर्द्धन गर्ने उद्देश्यले शुरु भएको महोत्सवको हिजो नेकपाका अध्यक्ष तथा पुर्वप्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले उद्घाटन गर्नुभएको थियो ।

महोत्सव शुरु भएको दोश्रो दिन नै करिब एक हजार भन्दा बढी आन्तरिक तथा बाह्य पर्यटकहरुले महोत्सव अवलोकन गरेको महोत्सव मुल आयोजक समितिका संयोजक तथा सखुवानन्कारकट्टी गाउँपालिका अध्यक्ष केदारनाथ यादवले जानकारी दिनुभयो ।

महोत्सवमा खासगरी सिरहा, सप्तरीका स्थानीयहरुको साथै छिमेकी देश भारतको बिभिन्न शहरहरुबाट पर्यटकहरु आईरहेको गाउँपालिका अध्यक्ष यादवको भनाई छ ।

घरायसी आधुनिक औजार र स्थानीय स्तरमा उत्पादन हुने विभिन्न कृषि समागीहरुको प्रदर्शन हुने सो महोत्सवमा बिभिन्न ५० स्टलहरु राखिएको छ ।

सखुवानन्कारकट्टी गाउँपलिकाको आयोजना जारी महोत्सवमा पर्यटकहरुको आकर्षणका लागि सांस्कृतिक कार्यक्रम, स्वास्थ्य शिविर, बाल मनोरंजन लगायत शिक्षामूलक कार्यक्रम हरु समेत राखिएको गाउँपालिका अध्यक्ष यादवले जानकारी दिनुभयो ।

महोत्सवमा सूर्य चन्द्र अङ्कित नेपालको राष्ट्रिय झण्डालाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउनका लागि झण्डा मेला महोत्सव नामांकरण गरिएको उहाँको कथन छ ।

परम्परागत भेषभूषा तथा संस्कृति जगेर्ना, कृषिलाई आधुनिकीकरण गर्न प्रोत्साहन, हस्तकला तथा घरेलु उत्पादनहरुको प्रदर्शनी र नेपाल सरकारले घोषणा गरेको पर्यटन वर्ष २०२० सफल बनाउन आन्तरिक तथा बाह्रय पर्यटन भित्राउनका लागि महोत्सवको आयोजना गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजकुमार दासले जानकारी दिनुभयो ।

## जिससको...

व्यवहार गरेको आरोप लगाउदै मर्यादा कायम भएपनि कार्य, व्यवहार कमजोर भएको बताउनु भयो । दुई वर्षदेखि प्रदेश सरकारले ऐन कानुन नबनाउदाँ हामी सबै अन्यौलमा छौ, भन्दै प्रदेश सरकारले केही बजेट दिएको छैन, धनुषाका प्रमुख रामदेव यादबले गुनासो गरे ।

जिल्ला समन्वय समिति सप्तरी प्रमुख प्रभाकर यादबले प्रदेश २ का जिल्लाहरूको बालुवा, गिटी, उत्खनन् गर्ने सम्बन्धमा अनुगमन तोकिएको भएपनि स्थानिय तहले आफनो अनुकुल गिट्टी, बालुवा, उत्खनन् गर्ने गरेका आरोप लगाए ।

उनले भने गिट्टी, बालुवा, उत्खनन् सम्बन्धी सम्पुर्ण अधिकार जिल्ला समन्वय समिति मातहतमा राख्ने गरी अधिकार सहितको कानुनमा ब्यबस्था गर्नुपर्ने बताए ।

यसैगरी जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुरेश कुमार सिंहले जिल्ला सभाको काम, कर्तव्य र अधिकार सम्बन्धी बनेको कार्यबिधि उपर भएको छलफलमा अनुगमन तथा समन्वयको अधिकारलाई थप परिमार्जन गरी अनुगमन पश्चात् अनुगमनको प्रतिवेदन उपर कार्यवाही गर्ने निकाय वारेमा कानुन स्पष्ट हुनुपर्नेमा माँग गरेको छ।।

सो अवसरमा मुख्य न्यायाधिबक्ता कार्यालयका सप्तरीका प्रतिनिधि किरण कुमारी साहले आठ वटै जिल्ला सभाका जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख हरूवाट आएको सुझाव र सल्लाहलाई मुख्य न्यायाधिवक्ताको कार्यालय पुगाउने बताईन ।

उनले भनी जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार तथा अनुगमन तथा समन्वयको प्रभावकारी बनाउनका लागि महान्यायाधिवक्ताको कार्यालय गम्भीर भएको बताईन ।

उनले भने जिल्ला समन्वय समितिले गरेको अनुगमनको प्रतिवेदन उपर कार्यान्वयन नभएकोले त्यस सम्बन्धी अधिकारको ग्यारेन्टी गर्ने सम्बन्धी कानुन प्रदेश सरकारले निर्माण गरिने बताईन ।

# लागुऔषध गाँजासहित दुई युवक पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, २४ माघ ।**

प्रतिबन्धित लागुऔषध गाँजासहित प्रहरीले सिरहाको अर्नमा गाउँपालिका १ इस्लामपुरबाट दुई युवकलाई शुक्रवार पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाबाट खटिएको टोलीले चेकजाँचको क्रममा १२ किलो लागुऔषध गाँजासहित स्थानीय ३२ बर्षीय मोहमद सकिल र सिरहाकै नरहा गाउँपालिका १ निवासी ३५ बर्षीय राजिन महरालाई पक्राउ गरेको हो ।

पक्राउ परेका दुबै जनालाई जिल्ला प्रहरी कार्यालय सिरहामा राखेर थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

# भ्रष्टाचारीले उन्मुक्ति नपाउनेः वरिष्ठ नेता नेपाल

विराटनगर, २४ माघ (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी( नेकपा) का वरिष्ठ नेता माधवकुमार नेपालले दोषी, अपराधी र भ्रष्टाचारीले उन्मुक्ति पाउन नहुने बताउनुभएको छ ।

विराटनगर विमानस्थलमा आज बिहान पत्रकारसँगको भेटघाटमा उहाँले निर्दोष र निरअपराधी फस्न नहुने कुरामा जोड दिनुभयो । पूर्वप्रधानमन्त्री नेपालले एमसिसीका विषयमा अनुचित शर्त रहन नहुने भन्दै यसका लागि छुट्टै एक कार्यदल बनेको र यसले यस विषयमा गहन अध्ययन गरिरहेको जानकारी दिनुभयो । इण्डोप्यापिफक रणनीतिकै एउटा अङ्ग हो कि भन्ने भ्रमलाई कार्यदलले हटाउने भन्दै उहाँले एमसिसी नेपालका लागि हित भएकाले यसलाई सरकारले स्वीकृत गर्नुपर्ने धारणा राख्नुभयो ।

वरिष्ठ नेता नेपालले हामीसँग राम्रो सम्बन्ध राख्ने मित्रराष्ट्रसँग सुमधुर सम्बन्ध बनाउन खोजेको चर्चा गर्दै संयुक्त राज्य अमेरिकाले आफ्ना जिडिपीको केही अंश अल्पविकसित राष्ट्रलाई दिनु अधिकारभित्र पर्छ भन्नुभयो ।

उहाँले वैदेशिक ऋण र लगानीलाई 'समृद्ध राष्ट्र, सुखी नेपाली' बनाउने महान अभियानमा योजनाबद्ध ढङ्गले खर्च गर्नुपर्ने उल्लेख गर्दै सरकारले आफ्ना कमीकमजोरीलाई सच्याउँदै अघि बढ्नुपर्ने बताउनुभयो ।

वरिष्ठ नेता नेपालले सरकारले मुलुकलाई सही ढङ्गले अगाडि बढाउनुपर्ने बताउँदै नेपालको वातावरण प्रदूषण न्यूनीकरणमा प्राप्त हुने वैदेशिक सहयोगलाई उचित ढङ्गले खर्च गर्नुपर्नेमा जोड दिनुभयो ।

## नेपालको...

अनावश्यक बहसलाई छाडेर एमसीसी नेपालको हितमा छ वा छैन् भन्नेर सबै दलले सोच्नुपर्नेमा जोड दिनुहुँदै नेपालले सबै देशसँग मित्रवत सम्बन्ध राख्नुपर्ने बताउनुभयो ।

ललिता निवासको जग्गा अनियमितता प्रकरणमा दुई जना पुर्वप्रधानमन्त्री माधव नेपाल र बाबुरा भट्टराईमाथि मुद्दा नचलाएर अन्य पदाधिकारीमाथि मुद्दा चलाउने अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निर्णय त्रुटीपुर्ण भएको टिप्पणी समेत उहाँले गर्नुभयो ।

ठुला नेताहरुलाई छाडेर अन्य पदाधिकारीमाथि मात्रै मुद्दा चलाउने अख्तियारको निर्णयले अख्तियार कतै सरकारको छायाँ त नबनेको हो कि भन्ने आशंका लाग्न थालेको अध्यक्ष साहको कथन थियो ।

# सार्कको १९औं शिखर सम्मेलन शीघ्र हुनेमा प्रधानमन्त्री विश्वस्त

काठमाडौं, २४ माघ (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन ( सार्क) को १९ औं शिखर सम्मेलन शीघ्र आयोजना गर्न सदस्य राष्ट्रबीच सहमति हुनेमा आफू विश्वस्त रहेको बताउनुभएको छ ।

सार्क सचिवालयको आज भ्रमण गरेर सङ्क्षिप्त मन्तव्य व्यक्त गर्दै सार्कका अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले लामो समयदेखि अवरुद्ध भएको सार्कको १९औं शिखर सम्मेलन चाँडो हुनेमा आफू ढुक्क रहेको बताउनुभयो ।

उहाँले सार्कको अध्यक्षता पाकिस्तानलाई हस्तान्तरण गर्न आफू आतुर रहेको स्पष्ट पार्दै काठमाडौंमा सम्पन्न १८औं शिखर सम्मेलनले शान्ति, एकता र प्रगतिका लागि गहिरो साझेदारीमा जोड दिएको स्मरण गर्नुभयो ।

सार्कका राष्ट्राध्यक्ष/सरकार प्रमुखले सार्कका सिद्धान्त र उद्देश्यप्रति प्रतिबद्धता जनाएको बताउँदै प्रधानमन्त्री ओलीले भन्नुभयो, "सार्कलाई पुनःजीवन दिन तथा दक्षिण एशियाका जनताको विकासको चाहना पूरा गर्न यसलाई प्रभावकारी माध्यम बनाउन उहाँहरुले सहमति जनाउनुभएको थियो ।"

प्रधानमन्त्री ओलीले सार्क क्षेत्रीय ऐक्यबद्धताको अभिव्यक्ति हो भन्दै यो क्षेत्रीय सङ्गठन दक्षिण एशियाका जनताको साझा पहिचान भएको बताउनुभयो । सार्कले दक्षिण एशियाका एक अर्ब ७० करोड जनताको द्रुत आर्थिक विकास, सामाजिक उन्नति र सांस्कृतिक प्रगतिलाई प्रतिनिधित्व गरेको पनि उहाँले बताउनुभयो ।

प्रधानमन्त्री ओलीले सार्कको संस्थापक तथा हालको अध्यक्ष मुलुक नेपाल दक्षिण एशियाका जनताको सामूहिक हित र सहयोग प्रवर्द्धन गर्ने महत्वपूर्ण माध्यम भएको दोहोऱ्याउँदै क्षेत्रीय सहयोग नेपालको परराष्ट्र नीतिको उच्च प्राथमिकताको विषय भएको बताउनुभयो ।

सार्कका महासचिव अमजद हुसेन बी. सियालले सार्कको परिधिभित्र रहेर क्षेत्रीय सहयोग अभिवृद्धि गर्न महासचिवका रुपमा निर्वाह गर्नुभएको भूमिकाको उहाँले सराहना गर्नुभयो । साथै प्रधानमन्त्री ओलीले सचिवालय परिसरमा रुद्राक्षको बिरुवा रोप्नुभयो । उहाँले सचिवालयमा राखिएको आगन्तुक पुस्तिकामा हस्ताक्षर पनि गर्नुभयो ।

महासचिव सियालले प्रधानमन्त्रीको स्वागत गर्दै सार्कलाई गतिशील तुल्याउन नेपालसहित अन्य सदस्य राष्ट्रबाट आफूलाई निरन्तर सहयोग प्राप्त भएकामा सम्बद्ध सबैमा हार्दिक आभार व्यक्त गर्नुभयो ।

सार्कको १९औं शिखर सम्मेलन आयोजनामा केही विलम्ब भए पनि सार्कका अन्य गतिविधि निरन्तररुपमा सञ्चालन भएकामा सन्तुष्टि व्यक्त गर्दै उहाँले आगामी फागुन १७ गतेदेखि आफ्नो कार्यकाल समाप्त हुने जानकारी दिनुभयो । उहाँले नेपालमा दुई पटक सेवा गर्ने अवसर प्राप्त भएको उल्लेख गर्दै नेपाल र नेपाली जनता सधैँ अविस्मरणीय रहने बताउनुभयो ।

# सार्वजनिक यातायातका चालक सहचालकको व्यवहारका कारण यात्रु हैरान

-सञ्चिता घिमिरे

काठमाडौँ, २४ माघ (रासस)।

ललितपुर सुनाकोठीकी समता महर्जन दैनिक सार्वजनिक यातायातबाट ओहोरदोहोर गर्नुहुन्छ।

कलेज जाँदा र कार्यालय जाँदा सार्वजनिक यातायातमा तोकिएको भाडादरभन्दा बढी भाडा तिर्नुपरेको उहाँको अनुभव छ। सरकारले न्यूनतम भाडादर रु १४ तोकेको भए पनि उहाँ त्योभन्दा कम दूरी यात्रा गर्दा रु १५ तिर्ने गर्नुभएको छ।

सहचालकलाई 'किन बढी भाडा लिएको' भनेर सोध्दा भाडा तिर्न नसके किन बस चढेको भन्दै विवाद गर्ने गरेको उहाँले बताउनुभयो। सहचालकसँग विवाद हुँदा उहाँ कति पटक त आधा बाटोमा नै झर्नुभएको छ। सातदोबाटोबाट सुनाकोठी जाँदै गर्दा सहचालकले उभिएर दुई लाम बस्न भनिरहेका थिए। महर्जनले सानो बसमा सिटबीचको साँघुरो ठाउँमा एक लामभन्दा बस्न नसकिने भनेपछि सहचालकले उहाँलाई 'भनेको नमान्ने भए झर्नु' भनेका थिए। केही समय विवादपछि उहाँ ढोलाहिटीमा झरेर अर्को बसमा चढेर घर जानुभयो। उहाँले भन्नुभयो, "विवाद हुँदा पनि कतिपय यात्रु आफैँ उनीहरुसँग किन विवाद गर्नु भन्दै बेवास्ता गर्छन्।"

सुरज कार्की बिहान कलेज पढ्ने र दिउँसो सहकारीमा काम गर्नुहुन्छ। दैनिक चार/पाँच वटासम्म सार्वजनिक यातायातमा यात्रा गर्दा कहिले भाडाका निहुँमा, त कहिले झर्ने ठाउँ र सिटका विषयमा चालक तथा सहचालकसँग विवाद गर्नुपर्दा उहाँ हैरान हुनुहुन्छ। सरकारले विद्यार्थीका लागि दिएको छुट सार्वजनिक यातायातले दिन चाहँदैनन्। रु २५ भाडा तोकिएको ठाउँमा सहचालकले 'यति रुपैयाँ त दिएकै छ नि' भन्दै १५ लिने गरेको उहाँको अनुभव छ। विद्यार्थीलाई छुटको समस्या लामो दूरीको सवारीसाधनमा अझै बढी पाइन्छ। उहाँले भन्नुभयो, "उपत्यकामा तोकिएको ४५ प्रतिशतभन्दा कम छुट दिन्छन् भने उपत्यका बाहिर त्यही पनि दिन चाहँदैनन्।"

सार्वजनिक सवारीसाधनले तोकिएभन्दा बढी भाडा लिने, यात्रुसँग राम्रो व्यवहार नगर्ने, क्षमताभन्दा कैयौँगुणा बढी यात्रु लिएर हिँड्ने गर्दा यात्रु हैरान छन्। अधिकांश सवारीसाधनले अहिले सवारीसाधनमा देखिने ठाउँमा भाडादर राखेको पाइँदैन। आरक्षण सिटको कार्यान्वयन पनि प्रभावकारीरुपमा नभएको यात्रु बताउँछन्।

भक्तपुरकी ७१ वर्षीय ईश्वरप्रसाद नेपाल आफूले ज्येष्ठ नागरिक सिट पाउन विवाद गर्नु परिरहेको अनुभव सुनाउनुहुन्छ। कतिपय यात्रु आफैँले बुझेर यहाँ बस्नुहोस् भन्छन् भने पनि कतिपयले चुप लागेर बस्ने गर्छन्। सवारीसाधनका कर्मचारी आरक्षण सिटको कार्यान्वयन भए नभएकामा वास्ता नगर्ने उहाँको अनुभव छ। आरक्षण सिटमा बसिरहेका युवालाई उहाँ आफैँ उठाएर बस्नुहुन्छ। मध्यम र लामो दूरीका सवारीसाधनमा ज्येष्ठ नागरिकले कति पनि छुट नपाएको उहाँको गुनासो छ। उहाँले भन्नुभयो, "काठमाडौँबाट भक्तपुरसम्म छुट पाइन्छ तर बनेपा, धुलिखेल पुग्दा नै दिन गाह्रो मान्छन्।"

यी त केही प्रतिनिधिमूलक घटना मात्रै हुन्। काठमाडौँ उपत्यकाका अधिकांश यात्रुले दैनिक यी र यस्तै समस्या भोग्ने गरेका छन्। सार्वजनिक यातायातमा रहेका अधिकांश समस्या चालक(सहचालकसँगै जोडिएका छन्। चालक(सहचालकले राम्रो व्यवहार नगरेकै कारण कतिपयले थोरै आम्दानी भए पनि बाध्यताले निजी सवारीसाधन चढ्नु परेको बताउँछन्। कतिपय यात्रु भने सहचालकसँग सामान्य प्रश्न गर्दा पनि झर्किएर बोल्ने, झर्नुहोस भन्ने र हात हाल्न खोज्ने भएकाले आफैँलाई वा अरूलाई अन्याय पर्दा चुपचाप लाग्ने गरेका छन्।

चालक(सहचालकको व्यवहार सुधार गर्न सरकार र यातायात व्यवसायी दुवैले ध्यान दिनुपर्ने यातायात क्षेत्रका अभियानकर्मी राम थापाले बताउनुभयो। यातायात व्यवसायीले नाफाका केही हिस्सा आफ्ना कर्मचारीको तालीमका लागि छुट्याउनुपर्ने उहाँको सुझाव छ। सार्वजनिक यातायातमा चालक(सहचालकले यात्रुलाई सम्मान नगर्ने र सानो कुरामा पनि झगडा गर्दा यात्रु सहज वातावरणमा आवतजावत गर्न नपाएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "यो कारणले पनि यात्रु र चालक(सहचालकबीच झगडा दैनिक भइरहेको छ।"

यातायात व्यवस्था विभागका महानिर्देशक गोगनबहादुर हमाल विभागले नियमितरुपमा सार्वजनिक सवारीसाधनको नियमन गरिरहेको बताउनुभयो। यात्रुले गरिरहेको गुनासोका आधारमा र विभाग आफैँले अनुगमन गरेर गल्ती पाएमा कारवाही गरिरहेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "हामीले उपत्यका बाहिर जान नसकिए पनि काठमाडौँ उपत्यकामा नियमितरुपमा अनुगमन र आवश्यक पर्दा कारवाही गरिरहेका छौँ।"

चालक अनुमतिपत्र सामान्य सडक नियमका बारेमा लिखित परीक्षा र सवारी चलाउने जानेर 'ट्रायल' पास गरेपछि चालकलाई दिइन्छ। सवारीचालक अनुमतिपत्र परीक्षाले व्यावहारिक ज्ञानलाई समेटेको छैन। सहचालक बन्नका लागि भने कुनै पनि मापदण्ड वा परिचयपत्रको समेत आवश्यकता नपर्ने उहाँले बताउनुभयो।

पहिले यातायात व्यवस्थापनको जिम्मेवारी नेपाल सरकारको मात्रै भए पनि संविधानले यातायात क्षेत्रको व्यवस्थापनको जिम्मेवारी प्रदेश सरकार र स्थानीय तहलाई समेत दिएको छ। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ ले सवारी चालकलाई सवारी चलाउनेबाहेक यात्रुसँग व्यवहारसम्बन्धी तालीमको व्यवस्था गरेको छैन। सङ्घीय सरकारले अहिले यातायात व्यवस्थासम्बन्धी विधेयक मन्त्रालयमा छलफल भइरहेको छ। पाँच वर्षको उपत्यकाको सवारी व्यवस्थापनका लागि काठमाडौँ उपत्यका यातायात प्राधिकरण विधेयक संसदीय समितिमा छलफलमा रहेको छ।

## सरकारका काम सबै डिजिटल प्रणालीमा लगिन्छ : अर्थमन्त्री

काठमाडौँ, २४ माघ (रासस)।

अर्थमन्त्री डा युवराज खतिवडाले सरकारका सेवा सुविधालाई छिटो छरितो बनाउन 'डिजिटल प्रणाली'सम्बन्धी विधेयक ल्याउन लागिएको बताउनुभएको छ। नेपाल व्यवस्थापन सङ्घको ३९ औँ राष्ट्रिय सम्मेलनको आज यहाँ उद्घाटन गर्दै उहाँले चालु संसद्को अधिवेशनबाट सरकारले डिजिटल प्रणालीसम्बन्धी विधेयक दर्ता गराउन थालेको जानकारी दिनुभयो।

"सबै काम डिजिटल प्रणालीमा लैजान सरकारले डिजिटलसम्बन्धी धेरै विधेयक ल्याउने तयारीमा रहेको छ", उहाँले भन्नुभयो, "डिजिटलबाट काम गर्दा चुस्त दुरुस्त हुन्छ। सेवाग्राहीले पनि चाँडो सुविधा पाउँछन्।"

उहाँले डिजिटल प्रणालीलाई नियमन गर्नका लागि 'पेमेन्ट गेट वे' बनाउने तयारी गरिरहेको जानकारी गराउनुभयो। उहाँले औद्योगिक क्षेत्रमा आएको क्रान्तिसँगै सूचना प्रविधिको पनि चुनौती थपिएको बताउनुभयो। मन्त्री खतिवडाले नयाँ सूचना प्रविधिसँग हातेमालो गर्दै अगाडि बढ्न नसके पछाडि परिने उल्लेख गर्नुभयो।

अनलाइनमार्फत भुक्तानी बढाउन सरकार लागि परेको भन्दै उहाँले अनलाइनमार्फत भुक्तानी भए कागजी रुपैयाँको प्रयोग घट्ने बताउनुभयो। "हामी अनलाइनबाट नै सबै किसिमका भुक्तानी गर्न प्रणालीको विकासमा रहेका छौँ", उहाँले भन्नुभयो, "अनलाइनबाट भुक्तानी गर्ने हो भने रुपैयाँ छाप्नका लागि पैसाको पनि बचत हुन्छ।"

कार्यक्रममा नेपाल पर्यटन बोर्डका व्यवस्थापक सुमन घिमिरेले पर्यटनको क्षेत्र व्यवस्थापन गर्नसके मुलुकमा आर्थिक समृद्धि हासिल गर्न सकिने बताउनुभयो। सङ्घका अध्यक्ष सुशील भट्टले मुलुकको व्यवस्थापन गर्न सङ्घले सरकारलाई सहयोग गर्दै आइरहेको बताउनुभयो। सम्मेलनले तीन वर्षको लागि १७ सदस्यीय नयाँ कार्यसमिति नेतृत्व गर्ने छ। सम्मेलनमा एक हजार १०० प्रतिनिधि रहेका छन्।


श्रीमद् भागवत सप्ताह ज्ञानयज्ञ

।। श्री गणेशाय नमः ।।
मंगलम् भगवान् विष्णुः मंगलम् गरूडध्वजः।
मंगलम् पुण्डरीकाक्षः मंगलाय तनोऽहरि ।।

मान्यवर,
बाबा धर्मराजक असीम अनुकम्पासँ हमरा सभक पूज्य पिता श्री परमेश्वर झा आ' पूज्यनिया माता श्रीमती घुरनी देवी झाक सत्संकल्पसँ श्रीमद् भागवत महापुराण साप्ताहिक कथाक आयोजन निम्नलिखित कार्यतालिका अनुरुप होमय जा रहल अछि । उक्त साप्ताहिक महाज्ञान यज्ञमे उपस्थित भ श्रीमद् भागवत कथाक र सस्वादनक यज्ञ साङ्गोपाङ करा हमरा लोकनिकें कृतार्थ करवाक लेल विनम्र अनुरोध ।

कार्यक्रम

श्रीमद् भागवत महापुराण कथा आरम्भः २०७६।१०।२२ गते ता. 5 Feb.2020 बुधदिन
श्रीमद् भागवत महापुराण कथा समापनः २०७६।१०।२८ गते ता. 11 Feb.2020 मंगलदिन
हवन : २०७६।१०।२९ गते ता. 12 Feb.2020 बुधदिने

अनुरोधकर्ता
सुनिल कुमार झा/प्रतिभा कुमारी झा(रुबी)
अनिल कुमार झा/रिता कुमारी झा
राजदेवी टोल राजविराज-२
सप्तरी (नेपाल)
मो. ९८१४३४३००६, ९८४२०२९८९८


## विश्व समाचार

### चीनले कोरोना भाइरस नियन्त्रणमा सफलता पाउनेमा अमेरिका विश्वस्त : ट्रम्प

वासिङ्टन, २४ माघ (रासस/एएफपी)।

चीनमा प्रकोपका रूपमा देखिएको कोरोना भाइरस नियन्त्रण प्रयासमा चीनले छिट्टै सफलता पाउनेमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आफू विश्वस्त रहेको बताउनुभएको छ।

चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको टेलिफोन वार्तामा अमेरिकी राष्ट्रपति ट्रम्पले कोरोना भाइरस नियन्त्रणका लागि चीनले अपनाएका उपायबाट छिट्टै भाइरस सङ्क्रमण नियन्त्रणमा सफलता मिल्ने बताउनुभएको हो।

चीनमा देखिएको कोरोना भाइरस महामारीले विश्वलाई चिन्तित तुल्याएको भन्दै यसको सामना गर्ने चीनको क्षमताप्रति अमेरिकी राष्ट्रपति ट्रम्प 'विश्वास' व्यक्त गर्नुभएको ह्वाइट हाउसले शुक्रबार एक विज्ञप्तिमार्फत जानकारी गराएको छ।

"फोनवार्तामा दुई नेताबीच आपसीरूपमा सूचनाको बढीभन्दा बढी आदानप्रदान र आवश्यकताअनुसार अन्य बिषयमा पनि समन्वय जारी राख्न सहमत हुनुभएको थियो," विज्ञप्तिमा भनिएको छ। चिनियाँ राज्य सञ्चालित सञ्चारमाध्यममा दुई नेताबीच टेलिफोन वार्ता भएको सार्वजनिक भएपछि ह्वाइट हाउसले पनि यसबारे जानकारी गराएको हो।

उक्त अवसरमा उहाँहरूले संयुक्तराज्य अमेरिका र चीनबीच हालै सम्पन्न पहिलो चरणको व्यापार सम्झौताबारे पनि छलफल भएको थियो। उहाँहरूले व्यापार सम्झौता चीन र अमेरिकाबीचको उल्लेख्य उपलब्धि भएको भन्दै यसलाई कार्यान्वयनमा लैजाने प्रतिवद्धता व्यक्त भएको थियो।

### कोरोना भाइरसको सङ्क्रमणबाट शुक्रबारसम्म ६३० को मृत्यु

बेइजिङ, २४ माघ (रासस/एएफपी)।

डिसेम्बरको अन्त्यमा चिनियाँ बजारमा देखापरेको नयाँ कोरोना भाइरसले शुक्रबारसम्म ६३० भन्दाबढी व्यक्तिको ज्यान लिएको छ। सङ्क्रमण विश्वभर फैलिएको भएपनि यसले भीनबाहेकका मुलुकमा प्रकोपका रूपमा नदेखिएको विश्व स्वास्थ्य सङ्गठनले जानकारी गराएको छ।

पछिल्लो तथ्याङ्कअनुसार कोरोना भाइरसको सङ्क्रमणका कारण चीनमा ३० हजारभन्दा बढी व्यक्तिले उपचार गराइरहेका छन्।

चिनियाँ मुख्य भूमि बाहिर विभिन्न ३० स्थानमा करीव २४० व्यक्तिमा कोरोना भाइरसको सङ्क्रमण भएको बताइएको छ। अहिलेसम्म हङकङ र फिलिपिन्समा दुई व्यक्तिको मृत्यु भएको छ।

पछिल्लो तथ्याङ्कअनुसार कोरोना भाइरसको सङ्क्रमण सबैभन्दा बढी जापानी पानी जहाज, डाइमण्ड प्रिन्सेसमा ६१ जना रहेका छन् भने सिंगापुरमा ३०, जापानमा २५, थाइल्याण्डमा २५, हङकङमा (मृत्यु भएका एक व्यक्तिसहित) २४, दक्षिण कोरियामा २३, ताइवानमा १६ अष्ट्रेलियामा १५ र मलेसियामा १४ व्यक्तिमा भएको छ।

त्यसैगरी जर्मनीमा १३, संयुक्त राज्य अमेरिकामा १२, भियतनाममा १०, मकाउमा १०, फ्रान्समा छ, क्यानडामा पाँच, संयुक्त अरब इमिरेट्समा पाँच, बेलायतमा तीन, भारतमा तीन, फिलिपिन्समा (मृत्यु भएका एक व्यक्तिसहित) तीन व्यक्तिमा नयाँ कोरोना भाइरसको सङ्क्रमण देखिएको छ। रूस र इटाली मा दुई दुई व्यक्तिमा उक्त भाइरसको सङ्क्रमण देखिएको छ। नेपाल, श्रीलङ्का, कम्बोडिया, फिनल्याण्ड, स्पेन, स्वीडेन, बेल्जियममा एक एक जनामा नयाँ कोरोना भाइरसको सङ्क्रमण भेटिएको छ।

### यमनमा अल कायदा नेता कसिम अल-रिमीको मृत्यु भएको अमेरिकाद्वारा घोषणा

वासिङ्टन डीसी, २४ माघ (रासस/एएनआई)।

संयुक्त राज्य अमेरिकाले यमनमा अमेरिकी सेनाले गरेको आतङ्कवाद विरोधी अभियानमा अल कायदा नेता कसिम अल-रिमी र उनका सहायक अयमान अल जवाहिरीको मृत्यु भएको घोषणा गरेको छ। ह्वाइट हाउसले शुक्रबार उक्त जानकारी गराएको हो।

कासिम अल-रिमी अरबी प्रायद्वीपमा आतङ्कवादी संगठनको नेता हुन्। "राष्ट्रपति डोनाल्ड ट्रम्पको निर्देशनमा अमेरिकाले यमनमा आतङ्कवाद विरोधी अभियान चलाएको र यसमा अरबी प्रायद्वीपका संस्थापक र अल कायदाका नेता कासिम अल-रिमीलाई सफलतापूर्वक पराजित गरेको छ।" विज्ञप्तिमा भनिएको छ। उनी अल-कायकाको अन्तरराष्ट्रिय संगठनका सहायक नेता थिए।

अमेरिकी अधिकारीको दाबीअनुसार रिमीले यमनमा आम नागरिक विरुद्ध अपराध गरेका थिए र संयुक्त राज्य अमेरिकाका सेनामाथि कैयौं आक्रमण गरेका थिए। "रिमीको नेतृत्वमा अल कायदाको अरबी समूहले यमनमा नागरिकमाथि जघन्य हिंसाका थुप्रै घटना भएका छन्। उसले संयुक्त राज्य अमेरिका र अमेरिकी सेनाबिरूद्ध धेरै आक्रमणका लागि विभिन्न समूहलाई प्रयोग गरेको थियो," विज्ञप्तिमा भनिएको छ।

ह्वाइट हाउसले भनेको छ, "वाशिङगटन, अमेरिकी नागरिक र यसका सहयोगीको हितको रक्षा गरिरहनेछ।"

# शिक्षाको बिकास तथा गुणस्तरीय शिक्षाका लागि प्रतिबद्ध छौं : मन्त्री साह

**दैनिक समाचारदाता**
**राजविराज, २४ माघ ।**

समाजिक विकास मंन्त्री नवलकिसोर साहले प्रदेश २ का शिक्षाको विकास तथा गुणस्तरीय शिक्षाका लागि सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ ।

उनले भने मधेश शिक्षामा धेरै पछाडी परेकोले शिक्षाको बिकास, गुणस्तरीयता र सुधारका लागि शिक्षक, अभिभावकहरूले जिम्मेवार भएर कर्तब्यको पालना गर्नुपर्ने बताउनुभयो । चाँडौ भन्दा चाडौ प्रदेशको विभिन्न जिल्लामा सम्पुर्ण ब्यबस्था सहित शिक्षा तालिम केन्द्रको स्थापना गर्ने समेत प्रतिबद्धता जनाउनु भएको छ ।

अहिले प्रदेश सरकारले ट्रान्जेक्सन पिरियडमा काम गरिरहेकोले सरकारको ऐनकानुन र अधिकार बन्ने पिरियडमा रहेकोले छिट्टै समस्याहरूको सामाधान हुने बताउनुभयो । अर्काका छोरा/छोरीलाई आफ्नो छोरा/छोरी सरह पठाउनु भयो भने पक्कै तपाईको छोरासरह अरूको छोरा/छोरीले सफलता हासिल गर्ने छ, ।

आठ वटै जिल्लाको लागि तत्काल शिक्षा तालिम केन्द्र बारालाई जिम्मेवारी दिएपनि छिट्टै अन्य जिल्लामा पनि बिस्तार गर्ने बताउनु भएको छ । मन्त्री साहले हामी सबैको प्रण सार्वजनिक शिक्षा प्रणालीको सबलिकरणको लागि राजबिराजमा १० दिने शिक्षकको पेशागत बिकास प्रमाणिकरण तालिमको उद्घाटन गरेको छ ।

शुक्रवार राजबिराजमा समाजिक बिकास मन्त्रालयको सहयोग तथा शिक्षा तालिम केन्द्र कलैया, बाराद्वारा आयोजित आधारभुत बिद्यालयका सिरहा र सप्तरीका गणित शिक्षकहरूको लागि तालिमको आयोजना गरिएको हो ।

सो अवसरमा शिक्षा तालिम केन्द्र बाराका प्रमुख गोपाल प्रसाद कडेलले प्रदेश २ का तीन वटा तालिम केन्द्रलाई संचालनमा ल्याउने बताउनुभयो ।

यहाँबाट बारा जिल्ला जान कठिनाई हुने भएकोले यहाँ तालिम केन्द्रलाई पुन: संचालनमा ल्याउने भन्ने बारेमा ऐन कानुन बनेपछि सामाधान हुने बताउनुभयो ।


*प्रदेश २ का समाजिक बिकास मंन्त्री नवलकिसोर साहले शिक्षकहरूको तालिमको उदघाटन गर्दै*

शिक्षाको गुणस्तरलाई अगाडि बढाउन नेतृत्व वर्ग तयार रहेको अबस्थामा तालिमको सहयोगवाट शिक्षक कक्षा कोठा सम्म पुरयाउने, क्षमताको बिकासको लागि शिक्षकको गरिमामय उपस्थिति हुनु आबश्यक रहेको बताउनुभयो ।

शिक्षा बिकास तथा समन्वय ईकाई सप्तरीका प्रमुख फणिन्द्र खत्रीले अभिभावक अनुसार बालवालिकाहरूले गुणस्तरीय शिक्षा पाउन नसकेकोले यस तालिमले ठुलो सहयोग पुग्ने बिश्वास लिएको बताए । उनले भने गणित बिषयमा बालवालिकाहरूले फरक तरिकाबाट कक्षा कोठामा शिक्षा दिएमा तालिमको उपलब्धि हुने बताउनुभयो ।

सो कार्यक्रम प्रशिक्षक परशुराम यादब शिक्षाको गुणस्तर कायमका लागि शिक्षकहरूलाई प्रशिक्षण दिई प्रशिक्षित गर्नु आबश्यक रहेको बताउनुभयो । एनप्याब्सनका जिल्ला अध्यक्ष बोकु साह आठ वटै जिल्लाका निजी बिद्यालयका शिक्षकहरूलाई पनि प्रशिक्षण दिनुपर्ने बताए ।

सो अवसरमा राजपाका युवा नेता बिनोद कुमार यादब, राष्ट्रिय बिद्यार्थी सँघका केन्द्रीय अध्यक्ष किशोर कुमार यादब, जिल्ला अध्यक्ष शम्भु कुमार यादब, शिक्षा तालिम केन्द्रको शाखा अधिकृत भागिरथ झाले लगायतले शुभकामना मन्तव्य दिएका थिए भने कार्यक्रम संचालन प्रशिक्षक योगेन्द्र प्रसाद यादबले गरेका थिए ।

सो तालिममा सप्तरी र सिरहाका आधारभुत बिद्यालयका गणित २५ जना शिक्षाक/शिक्षिकाहरूको सहभागिता रहेको थियो ।

# स्थानिय तहको काम काज सुचारु

**दैनिक समाचारदाता**
**राजविराज, २४ माघ ।**

सप्तरीको डाँक्नेश्वरी नगरपालिकाका नगरप्रमुख शिवनारायण साहमाथि दुर्व्यवहार गर्ने तीन जनालाई प्रहरीले पक्राउ गरेपछि जिल्लाको सम्पुर्ण स्थानीय तहको कामकाज शुक्रवारदेखि सुचारु भएको छ ।

नगरप्रमुख साहमाथि दुर्व्यवहार गरेको आरोपमा प्रहरीले डाँक्नेश्वरी नगरपालिका ५ का अमरेन्द्र यादव, अर्जुन यादव, डाँक्नेश्वरी नगरपालिका ३ का राजिव कुमार रायलाई पक्राउ गरेपछि सप्तरीको १८ वटै स्थानीय तहको कामकाज सुचारु भएको हो ।

नगरप्रमुख साहमाथि हातपात र दुर्व्यवहार गर्नेहरुमाथि कार्वाही नभएको भन्दै बिहीवार जिल्लाको सबै स्थानीय तह बन्द गरि अनिश्चितकालसम्म कामकाज ठप्प पार्ने चेताबनी दिएपछि प्रहरीले ३ जनालाई पक्राउ गरेको छ ।

घटनामा संलगन अन्यहरुको खोजी भईरहेको प्रहरीले जनाएको छ । नगरप्रमुख साहमाथि प्रहरीले कानुनी प्रक्रिया शुरु गरेकाले स्थानीय तहहरुको कामकाज सुचारु गरिएको जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादवले जानकारी दिनुभयो ।

डाँक्नेश्वरी नगरपालिका ५ पातोस्थित माध्यमिक विद्यालयमा आयोजना गरिएको कार्यक्रममा सहभागी हुन जाने क्रममा बाटोमै मङ्गलबार युवाहरुको समुहले नगरप्रमुख साहसहित कर्मचारी सबारी गाडीलाई रोकेर हातपात तथा दुर्व्यवहार गरेको थियो ।

# हनुमाननगरमा नि:शुल्क मुटुरोगको शिविर सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, २४ माघ ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा एक दिने शुक्रवार मुटुरोग सम्बन्धि नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

नगरपालिकाको परिसरमा प्रदेश नं. २ को समाजिक बिकास मन्त्रालय र सहिद गंगालाल हृदय रोग शाखा जनकपुरको सहयोगमा हनुमाननगर कंकालिनी नगरपालिकाले आयोजना गरेको मुटुरोग सम्बन्धि नि:शुल्क स्वास्थ्य शिविरमा करिब २ सय जना महिला पुरुषको उपचार गरिएको स्वास्थ्य सह-संयोजक रामदेव यादवले जानकारी दिनुभयो ।

सहिद गंगालाल हृदय रोग शाखा जनकपुरको मुटु रोग बिशेषज्ञ डाक्टर राजकुमार साहको नेतृत्वमा ४ जना स्वास्थ्यकर्मीहरुको टोलीले उपचार गरेको हनुमाननगर कंकालिनी नगरपालिकाले जनाएको छ।

सार्थै नर्सिङ परामेडिकसहित ११ जना स्वास्थ्यकर्मीहरुको उपस्थित रहेको थियो ।

सो क्रममा मुटुरोग सम्बन्धि उपचार गरिएका २ सय जनालाई नि:शुल्क औषधी समेत बितरण गरिएको छ । त्यस नि:शुल्क शिविरमा मधुमेहको समेत जाँच गरिएको थियो ।




उनीहरुलाई इसिजी र इको सेवा पनि नि:शुल्क प्रदान गरिएको स्वास्थ्य सह-संयोजक यादवले बताए । प्रदेश नं. २ का समाजिक बिकास मन्त्री नबलकिसोर साहको प्रमुख अतिथिय र प्रमुख प्रशासकिय अधिकृत सुरेन्द्र प्रसाद यादवको अध्यक्षतामा मुटुरोग सम्बन्धि नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको जनाइएको छ।




दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित


छिन्नमस्ता डेरी उद्योग
सिरहा रोड, राजविराज ७, खरसाल टोल
मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७


हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।




नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६




**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*